# नगर सभाको कार्यसूचीहरु २०८२-०३-१८

१. लेखा समितिको संयोजक श्री अर्जुन बहादुर कुमालले लेखा परीक्षण प्रतिवेदन सभामा छलफलका लागि पेश गर्ने ।

२. सुशासन तथा संस्थागत विकास समितिको सदस्य श्री मोनिका अधिकारी लिम्बुले संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सभामा पेश गर्ने ।

३. सुशासन तथा संस्थागत विकास समितिको सदस्य श्री रविन्द्र अधिकारीले कर्मचारी इन्धन नथा सवारी मर्मत सुविधा सम्बन्धी मापदण्ड- २०८२ सभा समक्ष पेश गर्नु हुने ।

४. नगर उपप्रमुखद्धारा न्यायीक समितिको बार्षिक प्रतिवेदन सभा समक्ष पेश गर्नु हुने ।

५. नगर उपप्रमुख वन्दना पाण्डेद्धारा अनुगमन समितिको बार्षिक प्रतिवेदन पेश गर्नु हुने ।

६. आ.व २०८२-८३ को कार्यपालिकाको बैठकका निर्णयहरु अनुमोदनका लागि पेश गर्नु हुने ।

७. बजेट बक्तव्य, विनियोजन विधेयक, मध्यमकालिन खर्च संरचना पारित गरियोस् भनि उप प्रमुख वन्दना पाण्डेले पेश गर्नु हुने ।

८. विविध

निर्णयहरु

१. सार्वजनिक लेखा समितिको संयोजक श्री अर्जुन बहादुर कुमालले आर्थिक वर्ष २०८०-८१ को लेखा परीक्षण प्रतिवेदन सभा समक्ष पेश गर्नु भई छलफल गरियोस् भनी प्रस्ताव पेश गर्नु भयो, सो प्रस्तावमा छलफल भई अनियमित भएका बेरुजु नियमित गर्ने प्रताव पारित भयो ।

२. सुशासन तथा संस्थागत विकास समितिको सदस्य श्री मोनिका अधिकारी लिम्बुले संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सभा समक्ष पेश गर्नु भयो र उक्त प्रस्ताव माथी छलफल गरियोस् भनि प्रस्ताव पेश गर्नु भयो । साथै सो प्रस्ताव माथी छलफल भई स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २३ बमोजिम नगरपालिकाका लागि आवश्यक संगठन संरचना सभाबाट स्वीकृत भयो ।

३. सुशासन तथा संस्थागत विकास समितिको सदस्य श्री रविन्द्र अधिकारीले कर्मचारी इन्धन तथा सवारी मर्मत सुविधा सम्बन्धी मापदण्ड- २०८२ सभा समक्ष पेश भई छलफल गरि आ.व २०८२/८३ का लागि सभाद्धारा सर्वसम्मतीले मापदण्ड स्वीकृत भयो ।

४. नगर उप प्रमुख तथा न्यायीक समितिको संयोजक श्री वन्दना पाण्डेले आ.व २०८१-८२ को न्यायीक समितिको वार्षिक प्रतिवेदन पेश गर्नु भयो तथा उक्त प्रतिवेदन माथी छलफल गरि स्वीकृत गर्ने निर्णय गरियो ।

५. नगर उप प्रमुख तथा न्यायीक समितिको संयोजक श्री वन्दना पाण्डेले आ.व २०८१-८२ को अनुगमन समितिको वार्षिक प्रतिवेदन पेश गर्नु भयो तथा उक्त प्रतिवेदन माथी छलफल गरि स्वीकृत गर्ने निर्णय गरियो ।

६. आर्थिक वर्ष २०८१-८२ को नगर कार्यापालिकाको सम्पुर्ण बैठकमा निर्णयहरु अनुमोदन गर्ने निर्णय भयो ।

७. नगर उप प्रमुख श्री वन्दना पाण्डेद्धारा पेश भएको आ.व २०८२/८३ को बजेट वक्तव्य, विनियोजन विधेयक, मध्यमकालिन खर्च संरचना स्वीकृत गर्ने निर्णय गरियो।

८. साविक जिल्ला विकास समितिको मिति २०५३-०२-११ को पत्रानुसार निर्णय भई साविक गाईखुर गाउँ विकास समितिमा प्राविधिक सहायक रा.प.अन. द्धितिय पदमा अस्थाई नियुक्ति भई मिति २०८१-०७-३० सम्म यस कार्यालयमा अविछिन्न रुपमा कार्यरत रहनु भएको श्री सोम बहादुर खड्कालाई निजले राज्य प्रति गरेको सेवाको उच्च मुल्याङ्कन र सम्मान गर्दै निजले खाईपाई आएको अन्तिम सम्झौतामा उल्लेखित रकमको निजामती सेवा ऐन २०४९ दफा ३६ (ग) बमोजिम स्थाई कर्मचारीले प्राप्त गर्ने उपदान रकमको आधा रकम नघट्ने गरी निजको सेवा अवधिको आधारमा रकम उपलब्ध गराउने निर्णय गरियो।